रौतहट जिल्ला प्रशासन कार्यालय दर्ता नं.५०/०६९/०७०

जि.हु.का.दर्ता नं. ०१/०७७/०७८

www.wartmankaldainik.com

# वर्तमानकाल दैनिक

WARTMANKALDAINIK

**वर्तमानकाल दैनिकको सूचना**

आदरणिय पाठक, तपाईंले पढिराख्नु भइरहेको वर्तमानकाल दैनिक पत्रिका तपाईहरूलाई कस्तो लाग्यो ? हाम्रो लागि यदि तपाईंसंग कुनै प्रतिक्रिया, लेख , रचना, सूचना लगायतका सामग्री भए हामीलाई निम्न ठेगानामा पठाउनु होला । तपाईंको सल्लाह सुझावले पत्रिका स्तरीय बनाउनमा सहयोग पुग्ने छ ।

wartmankaldainik@gmail.com


९८०८५८७४८३

९८४७७८५१८६

वर्ष : १३ अंक : २३९ /२०८२ चैत्र ११ गते बुधबार

Wednesday 25 Mar. 2025, मूल्य : रु. ५, पृष्ठ : ४

## बागमती नदीमा माछा मार्न गएका ४० वर्षीय पुरूष बेपत्ता भएको तीन दिनपछि शव फेला





वर्तमानकाल सम्वाददाता
चैत १० गते ।

रौतहट सर्लाहीको जिल्लाको सीमामा पर्ने बागमती नदीमा माछा मार्ने क्रममा बेपत्ता भएका एक पुरुषको शव तीन दिनपछि फेला परेको छ ।

गएको शनिवार बिहान करिब १०:३० बजेको समयमा चन्द्रपुर नगर पालिका-१ नुनथर स्थित झोलुङ्गेपुलबाट करिब डेढ मिटर उत्तर बागमती नदीमा माछा क्रममा सर्लाही बागमती नगर पालिका-४ नयाँबस्तीका अन्दाजी ४० वर्षीय कामीसिंह स्याङतान डुबेर बेपत्ता भएका थिए ।

घटनाबारे उनका भतिजो कान्छा लामाले सोही दिन ११:४५ बजेको समयमा प्रहरी चौकी पौराईमा जानकारी गराएपछि तत्कालै प्रहरी टोली खोजी कार्यमा खटिएको थियो। इलाकाप्रहरी कार्यालय चन्द्रपुर , कर्मैया सर्लाही, सशस्त्र प्रहरी बेस क्याम्प सन्तपुर तथा आर्मी बेस चपुर बाट संयुक्त रूपमा खोजतलास समेत गरियो ।

लगातार तीन दिनसम्म विभिन्न सुरक्षा निकायका टोलीले बागमती नदीमा डुङ्गा प्रयोग गरी गहन खोजी कार्य सञ्चालन गरेपनि शव फेला पर्न सकेका थिएनन। मंगलबार बिहान करिब ७:३० बजेको संमयमा खोजीकै क्रममा सोही स्थान नजिक, नुनथर झोलुङ्गेपुलबाट करिब १०० मिटर उत्तरतर्फ नदीमा शव तैरिरहेको अवस्थामा फेला परेको प्रहरीले जनाए । शव फेला परेको खबर पाउना साथ इलाका प्रहरी कार्यालय चन्द्रपुर का डिएसपी रुपा लाबुङको कमाण्डमा खटिएका संयुक्त सुरक्षा टोलीले डुङ्गाको सहायताले शव बाहिर निकाली मुचुल्का तयार गरी पोस्टमार्टमका लागि सरकारी अस्पताल चन्द्रपुर पठाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी एवं डिएसपी विष्णुप्रदीप वस्यालले घटना सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको तथा पोष्टमार्टम गरेर मृतक परिवारलाई शव जिम्मा लगाइने बताए ।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर:**

- विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप) आदिको अधिक प्रयोगले:
- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ.
- दिमागमा असर पर्नसक्छ,
- समयमा नसुत्न सक्छन्,
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्,
- एकान्तमा बस्न मन पराउन सक्छन्,
- झिज्याहट हुन सक्छ,
- साथीहरूसँग घुलमिल नहुन सक्छन्,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्,

**बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## मधेश प्रदेशमा घुमुवा प्रहरीको साम्राज्य को पर्दाफास: तस्करी सेटिङ, मासिक असुली प्रहरी प्रमुख माथि गम्भीर प्रश्न



वर्तमानकाल सम्वाददाता
चैत १० गते ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामको कार्यशैलीको कार ण पछिल्लो समय घुमुवा प्रहरी मार्फत सञ्चालन भइरहेको कथित असुली नेटवर्क, तस्करी सेटिङ र आन्तरिक शक्ति दुरुपयोगका आरोपबाट यतिखेर सबैको ध्यान तानिएको छ ।प्रहरी संगठन भित्रकै स्रोतका अनुसार प्रदेश प्रहरी प्रमुख डीआईजी गोविन्द थपलियाका निकट मानिएका बरिष्ठ सई गोपाल थापा मगरको नेतृत्वमा आठ जिल्लामा फैलिएको असुली नेटवर्कको संजालको संरचना यतिखेर सक्रिय रहेपछि त्यस्ता नेटवर्क र सेटिङको आरोपबाट सबैको ध्यान तानिएको हो ।

स्रोतका अनुसार धनुषा, पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, सिरहा र सप्तरी जिल्लामा सादा पोशाकका प्रहरी परिचालन गरी तस्कर, व्यापारी तथा अवैध कारोबारमा संलग्न व्यक्तिहरूसँग 'दररेट' अनुसार मासिक रकम असुल्ने शिष्टम बनाइएको छ ।

सप्तरी देखि लिएर वीरगंजसम्मका सीमावर्ती नाकाबाट तस्करी प्रहरीकै सेटिङमा निर्बाध रूपमा भइरहेको र त्यसको कमाण्ड थापा मगरले सम्हालिरहेको गम्भीर आरोप श्रोतले लगाएको छ ।

प्रहरी श्रोतका अनुसार, सीमा क्षेत्रमा खटिएका युनिट कमाण्डरहरूलाई समेत रकम बुझाउन दबाब दिइने, नमाने सरुवा वा विभागीय कारबाहीको डर देखाइने गरिन्छ । रकम बुझाउनेलाई भने पुन: आकर्षक स्थानमै राख्ने र नमिल्नेलाई हटाउने अभ्यासले संगठन भित्रको गहिरो असन्तोष बढदै गएको छ ।

यता, भारततर्फ सर्लाही सँग जोडिएको सोनवर्सा र धनुषासँग जोडिएको जयनगर क्षेत्रमा भारतीय एसएसबीले हालै ठूलो परिमाणमा तस्करीको चाइनिज स्याउ नियन्त्रणमा लिएपछि कथित सेटिङ सार्वजनिक भएको स्रोतको दाबी छ ।

यस प्रकारको प्रकरणले मधेश प्रहरी भित्रै गुटबन्दी चलिरहेको नेटवर्कका रहस्य बाहिर सार्वजनिक हुन थालेको छ। घुमुवा थापा मगर माथि जनकपुर, महोत्तरी, सर्लाही र वीरगंज क्षेत्रका केही ठूला व्यापारीहरूसँग मिलेमतोमा सेटिङ सञ्चालन गरेको आरोप समेत लागेको छ । यद्यपि यी आरोपहरू बारे आधिकारिक रुपमा पुष्टि भने भइसकेको छैन ।

यसैबीच, विवादका कारण केही समयका लागि प्रहरी प्रधान कार्यालय तानिएका थापा मगर पुन: मधेशमै काजमा फर्किन सफल भएको घटनाले थप प्रश्न सृजना गरेको छ ।

संगठन भित्र 'विवादित कर्मचारीलाई किन पुन: संवेदनशील जिम्मेवारी ?' भन्ने प्रश्न उठेको छ ।अर्कोतर्फ, संघीय प्रहरी कार्यालय जनकपुरमा कार्यरत सई जयलाल प्रसाद यादव माथि पनि सिरहा, सप्तरी र धनुषा क्षेत्रमा अवैध असुलीमा संलग्न रहेको आरोप लागेको छ । उनी लामो समयदेखि जनकपुरमै कार्यरत रहँदै तस्कर, व्यापारी र हुण्डी कारोबारीसँग बलियो पहुँच बनाएको स्रोतको दाबी छ ।यस्तै विगत लामो समय देखि विरगञ्जमा बस्दै आएका बरिष्ठ साई लोकेन्द्र पन्डित, वारामा वरिष्ठ सई दिपक बस्नेत, महोत्तरीमा सहायक हवलदार राकेश यादव भन्ने कविर यादव घुमुवाको रुपमा कार्यरत रही अवैध असुली एवं तस्करीको सेटिङबाट उठेका रकम प्रधान कार्यालय सम्म पुर्याउने गर्दा यीनीहरुलाई त्यहीबाट संरक्षण प्राप्त भएको ति श्रोतको दाबी छ ।हिजो मात्रै सर्लाहीबाट प्रहरी प्रमुखको भागमा पर्ने पाँच लाख लिएर वरिष्ठ हवलदार महिन्द्र महतो काठमाडौ तर्फ गएको छ भने सर्लाही पर्सा प्रहरी चौकीका वरिष्ठ सई रोशन अधिकारीले प्रदेश प्रमुख सहित उक्त कार्यालयको विभिन्न ओहदाका अधिकारीको नाममा प्रत्येक महिना ८ लाख रकम बुझाउन गरिएको श्रोतका दाबी गरे ।

## चन्द्रनिगाहपुरमा नक्कली सुनसहित चारजना पक्राउ



वर्तमानकाल सम्वाददाता
चैत १० गते ।

प्रहरीले रौतहटको चन्द्रनिगाहपुर स्थित जगत रिसोर्ट होटलबाट नक्कली सुनसहित चारजनालाई नियन्त्रणमा लिएको छ। मंगलबार पौने पाँच बजेको समयमा सुनचाँदीको अवैध बिक्री वितरण भइरहेको भन्ने विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट प्रहरी नायब उपरीक्षक रूपा लाबुङको कमाण्डमा खटिएको टोलीले होटेलको कोठा नम्बर १०२ मा चेकजाँच गरेको थियो।

जाँचका क्रममा कोठाभित्र रहेका चारजना पुरुषलाई नियन्त्रणमा लिई खानतलासी गर्दा नक्कली सुनजस्तो देखिने धातु बरामद गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। प्रहरीका अनुसार अरबिन्द चौधरीले लगाएको हाफ पाइन्टको खल्तीमा रहेको पर्सभित्र 'प्याम्प' लेखिएको निलो प्लास्टिकका तीनवटा प्याकमा सिलबन्दी अवस्थामा 'क्रेडिट सुइस १० ग्राम शुद्ध सुन ९९९.९' लेखिएको प्याकसहित पहेँलो रंगको नक्कली सुनजस्तो धातु ४ थान, पोली कालो बनाइएको १ थान र टुक्रा पारिएको अवस्थामा २ थान गरी जम्मा ७ थान बरामद गरिएको हो।

त्यसैगरी घटनास्थलबाट मोबाइल फोन ६ थान र 'एन्टिक म्याग्निफाइङ बाइनोकुलर' 'इस्ट इन्डिया कम्पनी' लेखिएको दूरबीनजस्तो देखिने मेसिन १ थान समेत बरामद जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी प्रवक्ता एवं डिएसपी विष्णुप्रदीप बस्यालले जानकारी दिए। प्रारम्भिक अनुसन्धानबाट उनीहरूले सर्वसाधारणलाई ठगी गर्ने उद्देश्यले नक्कली सुन

बाँकी ३ पृष्ठमा.....

**वर्तमानकाल प्रकाशन समुह**
प्रकाशक प्रधान सम्पादक : रौशन कुमार चौधरी
९८४७७८५१८६
सम्पादक : उपेन्द्र मिश्र
सह-सम्पादक : रमेश कुमार यादव
बिशेष समाचारदाता : पवन कुमार उपाध्याय
समाचारदाता : उमेश यादव
कानुनी सल्लाहकार : आनन्द अधिकारी, रंजन कर्ण
प्रधान कार्यालय : कटहरिया- ६ फतेपुर रौतहट
शाखा कार्यलय : गरुडा ४ रौतहट
मुद्रक : शुभ लक्ष्मी अफसेट प्रेस, वीरगञ्ज
बिज्ञापनको लागि मो. : ९८४७७८५१८६

## सम्पादकीय---

# प्रधानमन्त्री कार्कीको आदर्शहीन आदर्श

प्रधानमन्त्री सुशीला कार्की सकारात्मक अडान, उद्देश्य प्राप्त गरिछाड्ने दृढता, इमान जस्ता सकारात्मक गुणका कारण परिचित छिन् । प्रधानन्यायाधीश हुँदा होस् वा सचेत नागरिकका विषयमा सार्वजनिक सरोकारमा धारणा राख्दा, तिनै गुणका कारण उनले सफलता पाइन्, धेरैको विश्वास पनि जितिन् । जेन-जी आन्दोलनपछि राजनीतिक र संवैधानिक अन्योल रहँदा पनि उनले नै मुलुकलाई पार लगाउनेछिन् भनेर धेरैले विश्वास गरे ।

उनले पनि सफलतापूर्वक निर्वाचन सम्पन्न गरेर आफूलाई प्रमाणित गरिन् । यही निर्वाचनमार्फत नै मुलुकको लोकतन्त्र र यसलाई निर्देशित गर्ने संविधान सुरक्षित हुन पुगेको छ । नयाँ सरकार गठन भएसँगै भदौमा बिथोलिएको राजनीतिक र संवैधानिक गतिले लय पक्रिने छ । मुलुकको भविष्य र सुरक्षाकै लागि विशिष्ट योगदान गरेकी उनै प्रधानमन्त्री कार्कीले पदबाट बाहिरिने बेलामा भने 'राजनीतिक अनैतिकता' प्रदर्शन गरेकी छन् । आफ्नै स्वकीय सचिव आदर्शकुमार श्रेष्ठलाई नियुक्ति दिलाएर उनले आफ्नो व्यक्तित्व र छविलाई गहिरो चोट पुर्‍याएकी छन् । प्रशस्तै आलोचना खेपिसकेको यो नियुक्तिबाट प्रधानमन्त्री कार्की पछि हट्नुपर्छ । उनले नियुक्ति फिर्ता लिनुपर्छ । प्रधानमन्त्री कार्कीले स्वकीय सचिव श्रेष्ठलाई आइतबार राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्षमा मनोनीत गरेकी हुन् । प्रकृति संरक्षण कोष ऐन, २०३० मा प्रधानमन्त्री कोषको संरक्षक रहने व्यवस्था छ ।
यसको सञ्चालन समिति अध्यक्ष संरक्षकले मनोनीत गर्न सक्ने व्यवस्था छ । पहिले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीलाई नै कोषको अध्यक्षको जिम्मेवारी दिएका थिए । त्यसका आधारमा उनले जेन-जी आन्दोलनपछि समेत कार्यालय गएर नियुक्ति गरेपछि विवाद भएको थियो । पछि शाहीले कोषको अध्यक्षबाट राजीनामा दिएका थिए । अहिले त्यही अध्यक्ष पदमा प्रधानमन्त्री कार्कीले आफ्ना स्वकीय सचिवलाई मनोनीत गरेकी हुन् । प्रधानमन्त्री कार्कीको जुन छवि थियो र छ, श्रेष्ठको नियुक्तिले त्यसलाई कमजोर बनाएको छ । किनकि, २१ फागुनको निर्वाचनपछि मुलुकले नयाँ सरकारको प्रतीक्षा गरिरहेको छ । हप्ता वा दस दिनमा नयाँ सरकार गठन हुने स्थिति पनि छ । यो समयलाई पुरानो प्रधानमन्त्री बिदा हुने र नयाँले पदभार सम्हाल्ने स्वाभाविक र स्वस्थ संक्रमणकालीन अवधि बनाउनुपर्छ । त्यसका लागि पुरानो प्रधानमन्त्रीले कमभन्दा कम निर्णय लिनु र राज्य सञ्चालनलाई निरन्तरता दिनु नैतिकपूर्ण ठानिन्छ । किनकि, यो समय नयाँ प्रधानमन्त्रीको हो । जनताले उसैलाई जिम्मेवारी र दायित्व दिएका छन् । सत्ता हस्तान्तरणका लागि केही दिन मात्रै बाँकी रहेको स्थितिमा पुरानो प्रधानमन्त्रीले आफ्नो स्वार्थसिद्धि गर्ने अवसरका रूपमा उपयोग गर्नु वाञ्छनीय हुँदैन । यतिबेला यस्तो नियुक्तिमा रहर गर्नु नैतिकताकै उल्लंघन हो । कार्कीले गरेको निर्णयले शक्तिलाई जोकसैले पनि दुरुपयोग गर्न सक्छन् भन्ने मान्यतालाई पुष्टि गरेको छ । कार्कीबाट यस्तो अपेक्षा कसैले गरेको थिएन । कार्कीले रिक्त पदमा त्यस्ता व्यक्तिलाई नियुक्ति गरिन्, जो उनकै स्वकीय सचिव हुन् । यसकारण पनि यो नियुक्ति थप त्रुटिपूर्ण छ । किनकि, कार्की प्रधानमन्त्री बन्ने परिस्थिति निर्माण गर्ने जेन-जी आन्दोलनका अनेकौं कारणमध्ये सत्ता र शक्तिमा भएकाहरूले निकट व्यक्तिहरूलाई दिलाउने नियुक्ति पनि एउटा कारण हो ।

वर्तमानकाल दैनिक बजारमा
सर्वत्र उपलब्ध छ ।
अब हरेक खबरको पहरेदार वर्तमानकाल दैनिक
तपाईंको गाउँ घरमा कुनै खबर सुचना भए हामीलाई सम्पर्क गर्नुहोला ।
सम्पर्क मो.नम्बर : ९८४७७८५१८६,९८०८३८४१८५

# परिवर्तनका लागि गरिएको मतदान


सुशान्त तिवारी नेपाली

नयाँ वैकल्पिक शक्तिले पाएको यो जिम्मेवारी सही तरिकाले निभाइएन, यदि शासनमा पारदर्शिता, स्थायित्व र परिणाम दिन सक्ने क्षमता देखाउन सकिएन भने नेपाली मतदाता फेरि एक पटक चुपचाप तर निर्णायक रूपमा आफ्नो निर्णय परिवर्तन गर्न पछि हट्ने छैनन् ।
२०८२ को मध्यावधि निर्वाचनको परिणामले नेपालको चुनावी राजनीतिमा एउटा असाधारण र अप्रत्याशित अध्याय थपेको छ । यो परिणाम यति अनपेक्षित रह्यो कि सायद विजयी शक्ति स्वयंले समेत यस्तो नतिजाको कल्पना गरेका थिएनन् । ठूला-ठूला राजनीतिक विश्लेषक, सर्वेक्षण र चुनावी गणितहरू सबै यस पटक असफल भए । यो निर्वाचन केवल सरकार बदल्ने चुनाव मात्र रहेन, यसले नेपाली मतदाताको मनोविज्ञानमा आएको गहिरो परिवर्तन पनि उजागर गर्‍यो । यस पटक मतदाताले परम्परागत आधारहरू- व्यक्ति, विचार, काम, अर्थ र दल, यी सबैभन्दा माथि उठेर मतदान गरेको देखिन्छ ।
यसपालिको मतदान, बिना कुनै सम्झौता परिवर्तनका नाममा गरिएको छ । एक जना ट्याक्सी चालकसँग कुरा गर्दा भोट खसाल्न रामेछाप जाने र आउने खर्च दुइटै पुरानोमध्येको एउटा पार्टीले गरेको भए पनि भोट भने नयाँमा खसालेको भनेका थिए । यो त केवल एउटा उदाहरण मात्र हो, बाँकी त परिणामले नै देखाएको छ । मधेशकै निर्वाचनको कुरा गर्ने हो भने अर्थ र जातीय समीकरणले ठूलो भूमिका खेल्ने गर्छ भनेर विश्लेषण हुने गर्थ्यो तर यसपालि जनताले न त जात देखे, न अरू कुनै सन्दर्भ । पुराना दलसँग आजित भइसकेका जनताले परिवर्तनका नाममा नयाँ शक्ति राष्ट्रिय स्वतन्त्र पार्टीलाई लगभग दुईतिहाइ बहुमतका साथ विजयी बनाए ।
सबैभन्दा रोचक पक्ष के देखियो भने १६५ निर्वाचन क्षेत्रमा धेरै उम्मेदवारबीच प्रतिस्पर्धा भए पनि मतदाताको मनमा भने एउटै नाम हाबी भएको देखियो- बालेन । लगभग तीन वर्षअगाडि मात्रै राजनीतिमा होमिएका बालेन्द्र साह जन-जनको मनमा ठाउँ बनाउन यति सफल भए कि उनले देशभर नै चुनावी यात्रा गर्दा उनलाई हेर्न मात्रै हजारौंको भीड एकछिनमै जम्मा हुन्थ्यो । बालेनको उक्त लोकप्रियता पूर्णरूपमा भोटमा परिणत नहुने धेरैको आकलन थियो तर धेरै ठाउँमा मतदाताले स्थानीय उम्मेदवारको व्यक्तिगत प्रोफाइल, वैचारिक पृष्ठभूमि वा दलको संगठनात्मक शक्तिभन्दा पनि एउटा प्रतीकात्मक नेतृत्वलाई प्राथमिकता दिएको कुरा परिणामले देखायो ।
यस पटक विचारधाराले पनि अपेक्षित महत्त्व पाएन । लामो समयदेखि नेपालको राजनीतिलाई परिभाषित गर्दै आएको वामपन्थी, लोकतान्त्रिक, राजावादी, मधेशवादी वा अन्य वैचारिक बहस मतदाताको निर्णयमा निर्णायक बन्न सकेन । विचारभन्दा बढी 'परिवर्तनको चाहना' ले काम गरेको देखियो । यस निर्वाचनमा केही सम्झौता नगरी जनताले परिवर्तनको पक्षमा भोट हालेका छन् । यसै कारण सबैभन्दा ठूलो धक्का भने पुराना दलहरूलाई लाग्यो । नेपालका परम्परागत शक्तिशाली दलहरू- कांग्रेस, एमाले, नेकपा, राप्रपा र मधेशवादी यस पटक गम्भीर संकटमा परे ।
कांग्रेस आफ्नै आन्तरिक विवाद



र विशेष महाधिवेशनको बहसमा अल्झिएको देखियो । नेतृत्व परिवर्तनपछि चुनावमा जानु आफूहरूका लागि सहज हुने कांग्रेसको आकलन थियो । दुई निर्वाचन चक्रपछि गठबन्धनबिना चुनावमा जान पाउनु उनीहरूका लागि अवसर पनि थियो । 'बदलियौं कांग्रेस, बदल्छौं देश' भन्ने नाराले मतदातालाई आकर्षित गर्छ भन्ने विश्वास थियो । तर वास्तविकता ठीक उल्टो देखियो । दलभित्रकै असन्तुष्ट समूहहरूले अन्तर्घात गरे, संगठन कमजोर देखियो र सबैभन्दा महत्त्वपूर्ण, जनताले कांग्रेसप्रतिको विश्वास गुमाइसकेको स्पष्ट भयो । परिणामतः कांग्रेस आफ्नो ऐतिहासिक साख जोगाउनसमेत असफल रह्यो ।
एमालेको अवस्था झनै चुनौतीपूर्ण बन्यो । धेरै क्षेत्रमा उसको प्रभाव उल्लेखनीय रूपमा कमजोर हुँदै गएको देखियो । विशेषतः युवापुस्तामा देखिएको असन्तुष्टि र 'जेन-जी आन्दोलन' ले एमाले नेतृत्वप्रति गहिरो अविश्वास सिर्जना गरिसकेको थियो । केपी ओलीको नेतृत्वमा रहेको एमालेले बदलिँदो पुस्ताको मनोविज्ञान बुझ्न सकेन, न त त्यस आन्दोलनको मर्मलाई आत्मसात् गर्न सक्यो । परिणामतः यस पटक एमालेले केवल चुनाव हारेन, सामाजिक स्वीकृतिको ठूलो हिस्सा पनि गुमायो ।
राप्रपाको हकमा, राजावाद र हिन्दुराष्ट्रको एजेन्डाले अपेक्षित रूपमा मतदातालाई आकर्षित गर्न सकेन । राजनीतिक असन्तुष्टिको लहर हुँदाहुँदै पनि त्यो असन्तुष्टि राप्रपाको एजेन्डामा रूपान्तरण हुन सकेन । यसको अर्थ स्पष्ट छ, जनता फर्केर फेरि राजतन्त्रतिर जान खोजेका छैनन् । मधेशवादी दलहरूको सन्दर्भमा त संकट झनै गहिरो देखियो । लामो समयदेखि उठाउँदै आएको पहिचान र अधिकारको एजेन्डा उनीहरूको आफ्नै अप्रभावकारिता, विभाजन र सत्ताकेन्द्रित राजनीतिका कारण कमजोर हुँदै गएको थियो । यस्तो अवस्थामा, मधेशी पहिचानलाई नयाँ ढंगले प्रस्तुत गरिएको- देशले पहिलो मधेशी प्रधानमन्त्री पाउन सक्छ भन्ने भावनात्मक र राजनीतिक सन्देशले ठूलो प्रभाव पार्‍यो । यसले परम्परागत मधेशवादी दलहरूको आधार क्षेत्रमै प्रत्यक्ष चुनौती सिर्जना गर्‍यो । र, परिणामस्वरूप मधेशवादी दलहरूले यसपालि शून्य सिट हात पारे । यसरी हेर्दा, यो केवल चुनावी हार होइन, यो पुराना दलहरूको वैचारिक, संगठनात्मक र नैतिक संकटको समष्टिगत अभिव्यक्तिसमेत हो ।
अर्थ अर्थात् धन र आर्थिक शक्तिसमेत यस पटक निर्णायक बन्न सकेन । नेपाली चुनावमा परम्परागत रूपमा आर्थिक स्रोतलाई महत्त्वपूर्ण मानिन्छ, तर यस पटक त्यसले अपेक्षित प्रभाव देखाउन सकेन । कामको मूल्यांकन पनि यस पटक निर्णायक बन्न सकेन । विगतमा राम्रो काम गरेका भनेर चिनिएका केही नेताहरूसमेत पराजित भए । यसले देखाउँछ कि मतदाताको निर्णय केवल कार्यसम्पादनको मूल्यांकनमा मात्र आधारित रहेन । नेतृत्व र परिवर्तनलाई प्राथमिकता नदिएको भए सायद राम्रो काम गरेर देखाएको उम्मेदवारहरूले त जित निकाल्थे होला तर यसपालि त्यस्तो अवस्था रहेन । यो लहरमा केही इमानदार र जित्नुपर्ने अन्य दलका उम्मेदवारहरूले पनि हार व्यहोर्नुपर्‍यो ।
यस पटक चुनावी परिणामले अर्को महत्त्वपूर्ण सन्देश पनि दियो, नेपालका धेरै दिग्गज नेताहरू, जसले आफ्नो निर्वाचन क्षेत्रमा वर्षौंदेखि हार खाएका थिएनन्, उनीहरूले पनि पराजय भोग्नुपर्‍यो । शीर्ष नेतृत्वकै स्तरमा ठूलो परिवर्तन देखियो । बालेनबाहेक प्रधानमन्त्रीका अन्य सबै दाबेदारहरूले पराजय व्यहोर्नुपर्‍यो । आफूलाई प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरेका हर्क साम्पाङको दल अत्यन्तै सानो रह्यो । अन्ततः केही सीमित अपवादबाहेक अधिकांश पुराना शक्तिशाली अनुहारहरू पराजित भए ।
यति हुँदाहुँदै पनि विजयी शक्तिको जित सजिलो थिएन । धेरै ठाउँमा प्रतिस्पर्धा कडा रह्यो र जितहरू कठिन संघर्षपछि मात्र सम्भव भए ।
यसले देखाउँछ कि मतदाताले पूर्णरूपमा नयाँ विकल्पलाई अन्धाधुन्ध समर्थन गरेका होइनन् । बरु पुराना शक्तिप्रति असन्तुष्टि र परिवर्तनको अपेक्षाबीच सन्तुलित निर्णय गरेका छन् ।
यसैले २०८२ को निर्वाचनलाई केवल 'कसले जित्यो' भन्ने दृष्टिले मात्र हेर्नु पर्याप्त हुँदैन । यो निर्वाचनले एउटा ठूलो राजनीतिक सन्देश दिएको छ, नेपाली मतदाताले परम्परागत सबै आधारहरूलाई चुनौती दिएका छन् । तर अब वास्तविक प्रश्न भनेको अर्को हो- के यो मतदान केवल क्षणिक असन्तुष्टिको अभिव्यक्ति हो वा यसले नेपालको राजनीतिमा दीर्घकालीन संरचनात्मक परिवर्तनको संकेत दिन्छ ? यसको उत्तर आगामी वर्षहरूको शासन, कार्यशैली र राजनीतिक परिपक्वताले दिनेछ ।यो पहिलो पटक होइन, जब नेपाली जनताले पुरानो शक्तिलाई पन्छाएर पूर्णतः नयाँ शक्तिलाई अवसर दिएका छन् । २०६४ को संविधानसभा निर्वाचनमा प्रचण्ड नेतृत्वको नेकपा माओवादीलाई जनताले अभूतपूर्व समर्थन दिएका थिए । त्यो समर्थन केवल राजनीतिक परिवर्तनका लागि मात्र थिएन, बरु राज्य संरचना रूपान्तरण, समावेशिता, सुशासन र नयाँ नेपालको परिकल्पनाप्रतिको गहिरो आशासहितको थियो । तर समयसँगै ती आशाहरू क्रमशः क्षीण हुँदै गए । सत्ता सञ्चालनमा देखिएको अस्थिरता, आन्तरिक विवाद, अवसरवादी राजनीतिक व्यवहार र अपेक्षित सुधारहरू कार्यान्वयन गर्न नसक्दा माओवादी शक्ति प्रत्येक निर्वाचनसँगै साँघुरिँदै गयो । जुन शक्ति अजेय जस्तो देखिन्थ्यो, आज त्यसले आफ्नो जनाधार निरन्तर गुमाउँदै गएको छ । यो इतिहास केवल स्मरणका लागि होइन, यो चेतावनी हो ।
आज नयाँ वैकल्पिक शक्तिले पाएको जनादेश पनि केवल समर्थन होइन, बरु वर्षौंदेखि सञ्चित असन्तुष्टि, निराशा र परिवर्तनको तीव्र आकांक्षाको अभिव्यक्ति हो । जनताले यस पटक फेरि एक पटक भरोसा गरेका छन्, तर त्यो भरोसा निःसर्त छैन । नयाँ वैकल्पिक शक्तिले पाएको यो जिम्मेवारी सही तरिकाले निभाइएन, यदि शासनमा पारदर्शिता, स्थायित्व र परिणाम दिन सक्ने क्षमता देखाउन सकिएन भने नेपाली मतदाता फेरि एक पटक चुपचाप तर निर्णायक रूपमा आफ्नो निर्णय परिवर्तन गर्न पछि हट्ने छैनन् ।

सडक किनारमा गाई वस्तु , नाद खुटा आदि नराखौं चन्द्रपुर नगरपालिका, बृन्दावन नगरपालिका, गुजरा नगरपालिका, कटहरिया नगरपालिका, मौलापुर नगरपालिका र फतुवा बिजयपुर नगरपालिकाद्धारा जनहितमा जारी संदेस

## मनोरञ्जन खबर

# गीतको विवादमा नोरा फतेहीलाई भारतबाट डिपोर्ट गर्न लागिएको हो ?

वर्तमानकाल सम्वाददाता
चैत १० गते ।
क्यानडामा जन्मिएकी बलिउड अभिनेत्री नोरा फतेहीलाई अझै मुस्किल बढेको देखिन्छ। कन्नड फिल्म 'केडी डेभिल'को गीत 'सरके चुनर तेरी सरके'लाई लिएर अहिले विवाद चर्किएको छ ।

यस गीतको हिन्दी संस्करणमा प्रयोग भएका शब्दलाई धेरैले अश्लील भन्दै आलोचना गरेका छन् । यही कारण फतेही र अभिनेता सञ्जय दत्त दुवै आलोचनाको केन्द्रमा छन् । विवाद अझै बढ्ने देखिन्छ ।

भारतीय सञ्चारमाध्यमका अनुसार, १० जना वकिलको समूहले गृह मन्त्रालयसँग फतेहीको वर्क पर मिट रद्द गर्न माग गरेको छ। उनीहरूले फतेहीलाई देशबाट निष्कासन गर्नुपर्ने मागसमेत गरेका छन् । यसबीच, सरकारले 'सरके चुनर तेरी सरके' गीतलाई प्रतिबन्ध लगाइसकेको छ । राष्ट्रिय महिला आयोगले पनि यस विषयलाई गम्भीर रूपमा लिएको उल्लेख छ। गीतकार रकीब आलमले भने यसको जिम्मेवारी निर्देशकमाथि थोपरेका छन् ।

उनका अनुसार निर्देशक प्रेमले कन्नड गीतलाई जबरजस्ती शब्दानुवाद अनुवाद गर्न लगाएका कारण यस्तो विवाद सिर्जना भएको हो । फतेहीविरुद्ध सूचना तथा प्रसारण मन्त्रालय, केन्द्रीय फिल्म प्रमाणन बोर्ड, इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालय र राष्ट्रिय महिला आयोगमा पनि उजुरी दर्ता गरिएको छ । नोराविरुद्ध चालिएको यो कदम केही हदसम्म अनौठो पनि देखिन्छ, किनकि फिल्मका निर्माता वा यही गीतमा देखिएका अभिनेता सञ्जय दत्तविरुद्ध त्यति ठूलो आवाज उठेको छैन, जति आलोचना भने अभिनेत्री नोरामाथि केन्द्रित भएको छ । उजुरीमा वकिलहरूले उक्त गीतलाई 'अत्यन्त अश्लील' र यौन उत्तेजना फैलाउने खालको भएको आरोप लगाएका छन् । उनीहरूका अनुसार यो गीतले सार्वजनिक नैतिकता मात्र होइन, महिलाको गरिमामाथि पनि आघात पुऱ्याउँछ। फतेहीले यस्तो सामग्रीसँग जोडिएर भारतमा काम गर्ने आफ्नो अधिकारको दुरुपयोग गरेको दाबी गरिएको छ । उजुरीमा विदेशी ऐन, १९४६ का प्रावधान पनि उल्लेख गरिएको छ ।


# देवताल गाउँपालिका
## पिप्राढी गोठ, बारा
### (मधेश प्रदेश, नेपाल)

**समाजिक बिकास कार्यक्रम संचालन सम्बन्धी सुचना**

**प्रथम पटक सुचना प्रकाशन मितिः २०८२/१२/११ गते**

प्रस्तुत विषयमा देवताल गाउँपालिकाको कार्यालय पिप्राढीगोठ, बाराको चालु आ.व. २०८२/०८३ को लागि १४औ गाउँ सभाको स्विकृत बजेट अनुसार तपशिल बमोजिमको कार्यक्रमहरु देवताल गाउँपालिकाले संचालन गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित भएको मिति देखि २० दिन भित्र विस्तृत बजेट सहितको सुचिकृत फर्मले प्रस्तावना पत्र पेश गर्नको लागि यो सुचना प्रकाशन गरिएको छ । म्याद समाप्त भई आएको प्रस्तावना पत्र उपर कुनै कारबाही हुने छैन । अन्य व्यवस्था सार्वजनिक खरिद ऐन बमोजिम हुनेछ । पेश भएको प्रस्तावनाहरु स्वीकृत अस्वीकृत गर्ने सम्पुर्ण अधिकार देवताल गाउँपालिकामा निहित हुनेछ। तोकिएको न्यूनतम योग्यता पुगेको उम्मेदवारहरुले देवताल गाउँपालिकाको कार्यालयमा दरखास्त आवेदन दिनुपर्ने हुन्छ। दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पछि कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ ।

तपशिल :-

| क.स | कार्यक्रमको नाम | बिनियोजित बजेट | वडा नं. | दस्तुर | |
|---|---|---|---|---|---|
| १. | खानेपानी सरसफाई सम्बन्धी जनचेतना मुलक कार्यक्रम | ५,०००,००।- | वडा नं.७(वडास्तरीय) | ५००।- | |

**दरखास्त दिने अन्तिम मितिः** २०८२/१२/३० गते कार्यालय समय भित्र ।

**दस्तुर बुझाउने स्थानः** देवताल गाउँपालिकाको राजश्व शाखामा।

**दस्तखत दिने स्थानः** देवताल गाउँ कार्यपालिकाको कार्यालय पिप्राढी गोठ, बारा।

**आवश्यक पर्ने कागजातहरुः** कर चुक्ता प्रमाण पत्र, सुचिकृत प्रमाण पत्र, संस्थागत निवेदन, प्रस्ताव माग गर्ने सार्वजनिक निकाय गत निवेदन, प्रस्तावित कार्यको प्रकृति, परिमाण र अन्य आवश्क विवरण, प्रस्तावित कार्य गर्नु पर्ने स्थान र सम्पन्न गर्नु पर्ने अवधि, प्रस्ताव दाखिल गर्नु पर्ने अन्तिम मिति र स्थान, प्रस्तावको ढाँचा, प्रस्तावदाताले प्रस्तावसाथ पेश गर्नु पर्ने कागजात, भुक्तानिका शर्त र कर कट्टी, सार्वजनिक खरिद अनुगमन कार्यालयले आवश्यक ठानेका अन्य कुरा ।

नोटः अन्य जानकारीको लागि समाजिक विकाश शाखा वा मो नं. ९८५५०४८५९० मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

कृष्ण नन्दन राय
प्रमुख प्रशासकिय अधिकृत


## अमेरिका-इरान वार्ताको मध्यस्थता गर्ने पाकिस्तानको प्रस्ताव



वर्तमानकाल समवाददाता
चैत १० गते ।
पाकिस्तानका प्रधानमन्त्री शहबाज शरिफले युद्धरत अमेरिका र इरानबिचको वार्ताको मध्यस्थता गर्ने प्रस्ताव राखेका छन् । मंगलबार साँझ एक्समार्फत शरिफले दुवै देशसँग प्रस्ताव गरेका हुन् । 'पाकिस्तान मध्यपूर्वमा चलिरहेको युद्ध रोक्नका लागि भइरहेका वार्ताका कोसिसहरूको स्वागत गर्छ र पूरै स्वागत गर्दछ,' प्रधानमन्त्री शरिफले लेखेका छन्, 'यो शान्ति र स्थिरताका लागि जरुरी छ। यो क्षेत्रका लागि मात्र नभई बाहिरका लागि पनि अत्यन्त जरुरी छ ।' यदि अमेरिका र इरान सहमत भए पाकिस्तान आतिथ्यता दिन तयार रहेको पनि प्रधानमन्त्री शरिफले बताएका छन् । 'यदि अमेरिका र इरान सहमत हुन्छन् भने पाकिस्तान तयार छ, र वार्ताको आतिथ्यता दिनमा सम्मानित पनि महसुस गर्नेछ । ताकि यो युद्धको पूरा र ठोस हल निकाल्न सकियोस् ', प्रधानमन्त्री शरिफले भनेका छन् । इजरायली रक्षा मन्त्री इजरायल काट्जले आफ्नो सेनाले लेबनानको ठूलो हिस्सा नियन्त्रणमा लिने घोषणा गरेका छन् । हिजबुल्लाहविरुद्ध अभियान चलाउन सहज होस् भनेर इजरायली सेनाले लेबनानको ठूलो भूमिमा कब्जा गर्न लागेको रक्षा मन्त्री काट्जले बताएका छन् । यसक्रममा इजरायली सेनाले लेबनानको लिटानी नदीसम्म (इजरायलको भूमिबाट ३० किलोमिटर दूरसम्म)को भूमिलाई आफ्नो सुरक्षा क्षेत्र बनाउने बताए । 'जबसम्म उत्तरी इजरायल सुरक्षित हुन्न, तबसम्म विस्थापित जनता आफ्नो घरमा फिर्ता जान सक्ने छैनन्,' काट्जले भनेका छन् ।

यस्तै उनले हिजबुल्लाहको आवतजावत र हतियार ओसार-पसारमा प्रयोग हुने पाँच पुल ध्वस्त गरेको पनि बताए । इरान समर्थित प्रोक्सी समूह मानिने लेबनानको हिजबुल्लाहसँग इजरायलले लामो समयदेखि तनाव झेल्दैआएको छ । पछिल्लो समय हिजबुल्लाहले इरानमा रकेट प्रहार गरेपछि इजरायलले नयाँ घोषणा गरेको हो ।

## झापामा बर्ड लु देखियो, पक्षीजन्य वस्तु ओसार-पसारमा रोक

वर्तमानकाल सम्वाददाता
चैत १० गते ।
झापाको दमक नगरपालिका र झापा गाउँपालिकामा व्यावसायिक रूपमा पालिएका कुखुरामा 'बर्ड फ्लु' देखा परेको छ । बर्ड फ्लु देखिएपछि जिल्ला प्रशासन कार्यालयले उच्च सतर्कता अपनाउन सार्वजनिक सूचना जारी गरेको छ। प्रशासनले मंगलबार एक सूचना जारी गर्दै रोग पुष्टि भएको क्षेत्रलाई केन्द्रविन्दु मानी चारै दिशामा सङ्कटग्रस्त क्षेत्र घोषणा गरेर नियन्त्रणका काम अघि बढाएको जनाएको छ ।

निमित्त प्रमुख जिल्ला अधिकारी तेजप्रसाद प्रसाईंद्वारा जारी सूचनामा सङ्क्रमण थप फैलिन नदिन प्रभावित स्थानीय तहहरूबाट पक्षी, अण्डा, दाना र अन्य पक्षीजन्य सामग्री अन्यत्र लैजान पूर्ण रूपमा रोक लगाइएको उल्लेख छ । भेटेरिनरी अस्पताल झापाकी प्रमुख शीतल भट्टराईका अनुसार दमक नगरपालिका-१० स्थित एग्रिकल्चर फार्ममा पालिएका लेयर्स कुखुरामा 'हाइप्याथोजेनिक' बर्ड फ्लु पुष्टि भएको छ । सङ्क्रमण देखिएलगत्तै उक्त फार्मका सबै कुखुराहरू सोमबार नै नष्ट गरिसकिएको उनले बताए । दमक, झापा गाउँपालिका मात्र नभई जिल्लाका मेचीनगर र अर्जुनधारा नगर पालिकालगायतका क्षेत्रबाट पनि कुखुरा मरिरहेको सूचना प्राप्त भएकाले जोखिम बढेको अनुमान गरिएको छ।



## मधेश सरकार......

बोकी राखेको खुलेको उनले बताए। पक्राउ पर्नेहरूमा नुवाकोट तारकेश्वर गाउँपालिका-३ घर भई हाल भारतको पश्चिम बंगाल दार्जीलिङ बस्ने अन्दाजी ३७ वर्षीय अशोक तामाङ, रौतहट चन्द्रपुर नगरपालिका-१० का अन्दाजी ३० वर्षीय अरबिन्द चौधरी, बौधीमाई नगरपालिका-६ का अन्दाजी ३८ वर्षीय रूपकेश राय यादव र भारत पश्चिमबंगाल सिलिगुडी जयगाउँ बस्ने अन्दाजी ३० वर्षीय संजोक बस्नेत रहेका छन्।
उनीहरूमाथि थप अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर ले जनाएको छ।

जन्म दर्ता , मृत्यु दर्ता , बसाईसराइ लगायत घटना दर्ताहरु समयमै गर्ने गरौं । गरुडा नगरपालिका, गढिमाई नगरपालिका माधवनरायण नगरपालिका, यमुनामाई गाउंपालिका र देवाहि गोनाहि नगरपालिकाद्धारा जनहितमा जारी सन्देश

वर्तमानकाल दैनिक


# रवीन्द्रले गगन-विश्वलाई भने, विपी पथमा फर्किएर कांग्रेस र देशको राजनीतिलाई ट्र्याकमा ल्याउनुस्

वर्तमानकाल सम्वादाता
चैत १० गते ।



रवीन्द्र मिश्रले नेपाली कांग्रेसको वर्तमान नेतृत्वप्रति लक्षित गर्दै सामाजिक सञ्जालमा कटाक्ष गरेका छन्। मंगलबार साँझ मिश्रले पार्टी सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्माको तस्बिरसँगै कांग्रेसको वैचारिक यात्रामाथि प्रश्न उठाएका हुन्। उनले आफ्नो स्टाटसमा विश्वेश्वर प्रसाद कोइराला (विपी) को विचार धारामा फर्किनुपर्ने संकेत गरेका छन्। मिश्रले पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइराला (जीपी) को कार्यशैली हुँदै अहिले पुष्पकमल दाहाल (प्रचण्ड) को राजनीतिक धारसँग कांग्रेस नजिकिँदै गएको टिप्पणी गरेका छन्। गगन थापा र विश्वप्रकाश शर्माजस्ता नेताहरूले चाहेमा कांग्रेसलाई 'जीपी-प्रचण्ड पथ'बाट पुन: 'विपीपथ'मा फर्काएर पार्टी र देशको राजनीतिलाई सही दिशामा लैजान सक्ने मिश्रले बताए ।

मिश्रले व्यंग्यात्मक शैलीमा लेखेका छन्, "यदि त्यसो भएन भने प्रचण्डपथमा हिँड्ने नयाँ 'ट्रेन' बजारमा आइसकेको छ, त्यही बाटोमा हिँड्न जनताले पुरानो 'थोत्रो ट्रेन' किन चढ्ने?"

# वैकल्पिक बाटोबाट सांसद हुंदै मन्त्री बन्ने कल्पना गर्न सकिंदैन

वर्तमानकाल सम्वाददाता
चैत १० गते ।



उज्यालो नेपाल पार्टी(उनेपा) का अध्यक्ष कुलमान घिसिङले नयाँ बन्न लागेको सरकारमा आफ्नो सहभागिताबारे भइरहेका टिकाटिप्पणीप्रति गम्भीर ध्यानाकर्षण भएको बताएका छन् ।

मंगलबार सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै अध्यक्ष घिसिङले रास्वपाको सरकारमा आफ्नो सहभागिताबारे केही सञ्चार माध्यम र सामाजिक सञ्जालमा भइरहेका टिकाटिप्पणीप्रति गम्भीर ध्यानाकर्षण भएको बताएका हुन्। उनले भने,'नेपालको संविधानअनुसार गैर-सांसद व्यक्ति मन्त्री बन्न सक्दैन भन्ने कुरा स्मरण गराउन चाहन्छु ।

जनताबाट प्राप्त जनादेश विपरीत अन्य कुनै पनि वैकल्पिक बाटोबाट सांसद बनेर मन्त्री बन्ने कल्पना समेत गर्न सकिँदैन।' सरकारमा सहभागिताबारे अहिलेसम्म कोही सँग कुनै छलफल नभएको समेत उनले प्रष्ट पारे । चुनावी परिणामलाई सम्मान गरेर त्यसबाट पाठ सिक्दै उनेपालाई थप सुदृढ बनाउने अभियानमा आफूहरु केन्द्रित रहेको समेत उनले बताए । सुशासन र समृद्धिसहितको उज्यालो नेपाल निर्माणप्रति हाम्रो प्रतिबद्धता अटल रहेको बताउँदै उनले भने,'हाम्रा विरुद्ध फैलाइएका गलत प्रचारको भ्रममा नपर्न सम्पूर्णमा अनुरोध गर्दछु।'

त्यसतै उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले नयाँ बन्ने सरकारमा आफ्नो सहभागिता बारे कुरा आइरहेको दाबी गर्दै जनादेशविपरीत आफू मन्त्री नबन्ने बताएका छन् ।

मंगलबार साँझ फेसबुकमार्फत घिसिङले आफू उज्यालो पार्टीलाई सुदृढ बनाउनेमै केन्द्रित हुने पनि बताएका छन् । 'जनताबाट प्राप्त जनादेश विपरीत अन्य कुनै पनि वैकल्पिक बाटोबाट सांसद बनेर मन्त्री बन्ने कल्पनासमेत गर्न सकिँदैन,' अध्यक्ष घिसिङले लेखेका छन्, 'यस सन्दर्भमा, सरकारमा सहभागिताबारे मेरो अहिलेसम्म कोहीसँग कुनै छलफल नभएको प्रष्ट पार्दछु ।' आफू चुनावी परिणामलाई सम्मान गरेर त्यसबाट पाठ सिक्दै अघि बढ्न चाहेको उनले बताएका छन् । 'उज्यालो नेपाल पार्टीलाई थप सुदृढ बनाउने अभियानमा केन्द्रित छौं। सुशासन र समृद्धिसहितको उज्यालो नेपाल निर्माणप्रति हाम्रो प्रतिबद्धता अटल छ,' घिसिङले लेखेका छन् । आफ्नाविरुद्ध फैलाइएका गलत प्रचारको भ्रममा नपर्न उनले अनुरोध गरेका छन् ।






# तीन वटा निर्वाचनमा दलित उम्मेदवार जिताएको बांके-३

वर्तमानकाल सम्वादाता
चैत १० गते ।




बाँके क्षेत्र नम्बर ३ ले तेस्रो पटक दलित समुदायका उम्मेदवारलाई जिताएर प्रतिनिधिसभामा पठाएको छ । २१ फागुनमा सम्पन्न निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार खगेन्द्र सुनार ले बाँके-३ बाट बाजी मारेका हुन् । प्रतिनिधिसभाको प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्रमध्ये दलित समुदायबाट चुनाव जित्ने सुनार एक मात्र दलित उम्मेदवार हुन् । दलित अभियन्ताको रूपमा चर्चित सुनार २९ पुस २०८२ मा राष्ट्रिय स्वतन्त्र पार्टी प्रवेश गरेका थिए । नेपालमा कूल जनसंख्याको करिब १३.४ प्रतिशत दलित समुदाय छन् । तर यस पटकको प्रतिनिधिसभामा प्रत्यक्षतर्फ एक जना मात्रै दलित उम्मेदवार विजयी भएकोले दलित समुदायको प्रतिनिधित्व ०.६१ प्रतिशतमा खुम्चिएको छ ।

नेपालको संविधान २०७२ को प्रस्तावनामै समानुपातिक समावेशी र सहभागिता सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने भनिए पनि यस पटकको प्रतिनिधिसभामा प्रत्यक्षतर्फको परिणामले संविधानको मर्मलाई सम्बोधन गर्न सकेन । यो निर्वाचनमा नेपाली कांग्रेसले बझाङबाट सहमहामन्त्री दलित समुदायका प्रकाश रसाइली स्नेहीलाई मात्रै उम्मेदवार बनाएको थियो ।

एमालेले डडेल्धुराबाट चक्र स्नेही र बर्दिया-२ बाट विमला विकलाई उम्मेदवार बनाएको थियो । त्यसैगरी, नेपाली कम्युनिस्ट पार्टीले स्याङ्जा-२ बाट पदम विश्वकर्मा र कञ्चनपुर-३ बाट मानबहादुर सुनार लाई मैदानमा उतारेको थियो । तर यीमध्ये कसैले पनि जित हात पार्न सकेनन् ।

संविधानको धारा ४० ले राज्यका सबै निकायमा दलितलाई समानुपातिक सामावेशी सिद्धान्तका आधारमा सहभागिताको हुने हक हुने व्यवस्था गरेको छ । तर यसको व्यावहारिक कार्यान्वयनतर्फ प्रमुख राजनीतिक दलहरू गम्भीर देखिएनन् । १३.४ प्रतिशत जनसंख्या भएको समुदायबाट कांग्रेस र रास्वपाले ०.६१ प्रतिशत अर्थात् एक जनालाई मात्रै प्रत्यक्षतर्फ टिकट लिएका थिए भने एमाले र नेकपाले २/२ अर्थात् १.२१ प्रतिशत दलित सुमदायबाट उम्मेदवार बनाएका थिए । दलित अधिकारकर्मी तथा लेखक जेबी विश्वकर्मा भन्छन्, 'ठूला पार्टीले समुदायका नेताहरूलाई प्रत्यक्षतर्फ टिकट नै दिँदैनन् । दिइहाले भने पनि जित्न सक्ने क्षेत्रमा कमै दिन्छन् ।' प्रतिनिधिसभामा प्रत्यक्षबाट दलित सुमदायको प्रतिनिधित्व खुम्चिँदै गए पनि बाँके-३ ले भने २०४८, २०७० र २०८२ सालको निर्वाचनमा दलित सुमदायका उम्मेदवारलाई जिताएर संसद् पठाएको छ। २०४८ सालमा यो क्षेत्रबाट कांग्रेसका कृष्णसिंह परियार निर्वाचित भएका थिए । परियारले राज्य व्यवस्था समितिको सभापतिको जिम्मेवारी सम्हालेका थिए । २०७० सालको संविधानसभा निर्वाचनमा बाँके-३ बाट एमालेका दलबहादुर सुनार निर्वाचित भए । सुनारले संविधानसभा बैठकमा दलित समुदायका समस्यालाई प्रखर रूपमा उठाएका थिए । अहिलेको निर्वाचनमा भने बाँके-२ ले रास्वपाका सुनारलाई चुनेर पठाएको हो । बाँके-३ बाट पटकपटक दलित समुदायका उम्मेदवार विजयी हुनुको मुख्य कारण दलित समुदायको १७/१८ हजार बेस भोट हुनु र दलित सुमदायमा आफ्नै समुदायको उम्मेदवारले जित्नुपर्छ भन्ने चाहनाले काम गरेको अधिकारकर्मी प्रकाश उपाध्याय बताउँछन् ।

# कांग्रेसका पांच प्रदेश सभापति नया केन्द्रीय समिति बैठकमा आए, बलायर र शाही आएनन्

वर्तमानकाल सम्वाददाता
चैत १० गते ।



फागुन २१ को प्रतिनिधिसभा निर्वाचनपछि नेपाली कांग्रेसको केन्द्रीय समिति बैठक केन्द्रीय कार्यालय सानेपामा चलिरहेको छ । विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा चुनिएको नयाँ केन्द्रीय समितिलाई शेरबहादुर देउवा नेतृत्वको निवर्तमान केन्द्रीय समितिका अधिकांश पदाधिकारी र सदस्यले स्वीकारेका छैनन् । त्यो बेला बहुसंख्यक जिल्ला कार्यसमितिका सभापति र प्रदेश समितिले विशेष महाधिवेशन नै स्वीकारेका थिएनन् । यद्यपि निर्वाचन आयोगले विशेष महाधिवेशनबाट चुनिएको कार्यसमितिलाई आधिकारिता दिएपछि थापा त्यही कार्यसमितिको नेतृत्वमा कांग्रेस चुनावमा गएको थियो । यद्यपि निर्वाचन आयोगको निर्णयविरुद्धको रिट सर्वोच्च अदालतमा विचाराधीन छ ।

यसैक्रममा चुनाव सकिएलगत्तै कांग्रेसभित्रको विवाद बल्झिने देखिएको छ । विशेष महाधिवेशनबाट चुनिएको कार्यसमितिले केन्द्रीय समिति बैठक गरिरहँदा पुरानो संस्थापन पक्षसहित नेता डा. शेखर कोइराला पक्षधर नेताहरू पुरानै कार्यसमितिको बैठक बस्ने तयारी गरिरहेको समाचार आइरहेका छन् । यस्तोमा पहिले पुरानो संस्थापननिकट रहेका अधिकांश प्रदेश सभापति भने नयाँ केन्द्रीय समितिका पक्षमा खुलेका छन् । हालसम्म सातमध्ये ५ प्रदेश सभापति नयाँ कार्यसमितिको पक्षमा खुलेर केन्द्रीय समिति बैठकमै आएर आफ्ना धारणा राखेका छन् ।

**कुन प्रदेश सभापतिले के भने ?**

पुरानो संस्थापन निकट रहेका बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँ नयाँ केन्द्रीय समितिको बैठकमा सहभागी भएका छन् । उनी बागमती प्रदेशका मुख्यमन्त्री पनि हुन् । 'विशेष महाधिवेशनको हामी विपक्षमा थियौं होला,' केन्द्रीय समिति बैठकमा उनले भने, 'तर फागुन २१ को निर्वाचनमा डा. शेखर कोइराला, विमलेन्द्र निधि, प्रकाशशरण महत, मीनेन्द्र रिजाल रिजाल, किशोरसिँह राठौरजस्ता विशेष महाधिवेशनको विपक्षमा रहेका नेताहरूलाई कुनै कन्जुस्याइँ नगरी नयाँ नेतृत्वले टिकट दिएको थियो ।' अब चुनावपछि विवाद गरिरहन जरुरी नभएको उनले बताए । उनले सभापति थापालाई अर्को पक्षसँग कुराकानी गर्न पनि सभापति बानियाँले आग्रह गरे । उनले भने, 'सभापति ज्युले अर्को पक्षसँग कुरा गरेर अदालतको मुद्दा पनि फिर्ता लिने वातावरण बनाउनुपर्छ । सबै मिलेर १५ औं महाधिवेशनतिर एक भएर लाग्नुपर्छ ।'

अब सबैलाई मिलाउने जिम्मा नयाँ सभापति थापाको काँधमा आएको उनले बताए ।

यस्तै पुरानो संस्थापनसँगै निकट मानिने मधेश प्रदेश सभापति कृष्णप्रसाद यादवले नयाँ सभापति थापाको पक्षमा सिंगो मधेश उभिएको बताए । 'जुन उत्साह साथ विशेष महाधिवेशन भयो, त्यही उत्साह राखेर सभापति अघि बढ्नोस्,' केन्द्रीय समिति बैठकमा उनले भने, 'तपाईंको साथमा पूरै मधेस प्रदेश उभिनेछ । म दृढताका साथमा तपाईंसँग उभिनेछु ।' पार्टीलाई नयाँ परिस्थितिमा लग्ने हो भने सबै १५ औं महाधिवेशनतर्फ एकढिक्का भएर लाग्नुपर्ने उनले बताए । यस्तै कोशी प्रदेश सभापति उद्धव थापाले अहिलेको अवस्थामा सभापति गगन थापाले राजीनामा दिनु उपयुक्त नभएको बताएका थिए ।